आर्थिक वर्ष २०७६/०७७

# नीति तथा कार्यक्रम

# मुसिकोट नगरपालिका
## वामीटक्सार, गुल्मी

**नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु, कर्मचारी साथीहरु र उपस्थित सम्पूर्ण महानुभावहरु,**

नेपालको संविधान बमोजिम मुसिकोट नगरपालिका स्थापना भई निर्वाचित हामी जनप्रतिनिधिहरुले काम गर्न लागेको दुई वर्ष पुरा भएको छ । आगामी आर्थिक वर्ष २०७६/०७७ का लागि मुसिकोट नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दाको यस अवसरमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनका निम्ति अमूल्य जीवन सहादत्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । परिवर्तन, क्रान्ति, देश निर्माण, गणतन्त्र स्थापना गर्न विभिन्न क्षेत्रमा खट्नु हुने, राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायि भुमिका निर्वाह गर्नुहुने सबै अग्रजहरु प्रति सम्मान प्रकट गर्दछु ।

मुसिकोट नगरपालिकाको समग्र विकास, कार्यक्रमहरु लागु गर्न सहयोग गर्नुहुने जनसमुदाय, सघं संस्था जनप्रतिनिधि साथीहरु, कर्मचारी, राजनैतिककर्मी, शिक्षक, बुद्धिजिवी, व्यापारी, पत्रकार, सुरक्षाकर्मी सबैमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

नेपालको संविधानले दिएका अधिकारहरुको व्यापक, समन्वयात्मक र प्रतिफलयुक्त अभ्यास गर्दै मुसिकोट नगरपालिकालाई समृद्धीको बाटोमा अगाडी बढाउने दृढ संकल्प व्यक्त गर्दछु ।

यस अवधीमा जनताका माग, आवश्यकता, विकास निर्माणमा लगातार सक्रियता पूर्वक अगाडी बढ्नु हुने जनप्रतिनिधी, कर्मचारी, जनसमुदायको मनोबल उच्च राखी अझ शसक्त, प्रभावकारी,छिटो छरितो सेवा प्रदान गर्न अनुरोध गर्दछु ।

राज्यबाट जनताले प्राप्त गर्ने सेवा, सुविधाहरु स्थानीय समुदायलाई प्रवाह गर्ने कार्य मात्र नभई स्थानीय रुपमा विकास निर्माणका सम्पूर्ण काम कारबाहीहरु संचालन तथा नियमन गर्ने जिम्मेवारी समेत स्थानीय सरकारलाई रहेको छ । संघियता कार्यान्वयन भई स्थानीय सरकार गठन भएसँगै स्थानीय सरकार नै आम जनताको सबैभन्दा वढि आशा र भरोसाको केन्द्र बनेको छ । स्थानीय विकास निर्माण कार्यहरु संचालन गर्ने सबै भन्दा भरपर्दो निकाय भएको कारणले गर्दा समेत आम नागरिकको अभिभावकत्व प्रदान गर्नु स्थानीय सरकारको मुख्य जिम्मेवारी हुन आएको छ ।

यसै सन्दर्भमा मुसिकोट नगरपालिकाको चौतर्फी विकासको बाटो खोली सम्पूर्ण नगरबासीहरुलाई संघियताले प्रदान गरेको अधिकारको महशुस गराउनुको साथै नगरपालिकालाई समृद्धिको बाटोमा डोऱ्याउनको लागि मुसिकोट नगरपालिकाको एकीकृत गुरुयोजना समेत तयार भैइरहेको छ ।

**सभा सदस्य ज्यूहरु,**

***"कृषि, पर्यटन, पूर्वाधार र रोजगार समृद्ध मुसिकोट नगरपालिकाको आधार"*** भन्ने हाम्रो घोषित लक्ष्य हामी सबैलाई थाहा भएको विषय हो । मुसिकोट नगरपालिकाको भौगोलिक विविधता, बुहुसांस्कृतिक, बहुजातिय बिशेषतालाई आत्मसात गर्दै, सद्भावलाई संरक्षण गर्दै, वर्गिय, जातीय, लैगिङ्क विभेदको अन्त्य, लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण, सामाजिक न्याय, दिगो विकास, समृद्धि र जनतालाई खुशी बनाउदै सबल र नमुना नगरपालिका निर्माणका निम्ति प्रतिवद्धता र संकल्प सहित बुँदागत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १) पूर्वाधार विकास

**क) सडक :-** हाल सम्म निर्माण भएका सडकहरुको स्तरोन्नती, संरक्षण तथा विस्तार गर्नको लागि निम्न बमोजिमको नीति अख्तियारी गरिने छ ।

१) नगरस्तरीय सडक संजाल योजना तयार गरिने छ ।

२) मुसिकोट नगरपालिकामा राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गलाई (क) वर्ग, चक्रपथ, वडा देखि नगरपालिका जोड्ने, दुई वा सो भन्दा बढी वडाहरुलाई जोड्ने, शहरी सडकलाई (ख) वर्ग, वडाको केन्द्र जोड्ने, घना बस्ती तथा अधिक जनसंख्याको आवत जावत हुने सडकलाई (ग) वर्ग र व्यक्तिको निजी सम्पतीमा पुग्ने साना सडकहरु, सम्भावित भु-क्षयको जोखिमयुक्त, पन्ध्र घरधुरी भन्दा कमलाई लाभ पुऱ्याउने सडकहरुलाई (घ) वर्ग गरि जम्मा सडकहरुलाई चार वर्गमा विभाजित गरिने छ ।

३) (क) वर्गका सडकहरु राष्ट्रिय मापदण्ड बमोजिम, (ख) वर्गका सडकहरु ८ मिटर, (ग) वर्गका सडकहरु ६ मिटर र (घ) वर्गका सडकहरु ४.५ मिटर मापदण्ड तोकी सोही बमोजिम निर्माण कार्य अगाडी बढाइने छ ।

४) उल्लेखित सबै वर्गका सडकहरुलाई छुट्टाछुट्टै सडक क्षेत्राधिकार तोकी छुट्टाछुट्टै प्राथमिकतामा राखी निर्माण तथा स्तरोन्नती, संरक्षण तथा व्यवस्थापनका कार्यक्रमहरु संचालन गरिने छ ।

५) सडक संजालहरुलाई वातावरण मैत्री बनाउनका लागि सडक बृक्षारोपण कार्यक्रम संचालन गरिने छ ।

६) नगरपालिका क्षेत्र भित्रका मुख्य-मुख्य व्यापारिक केन्द्रहरु लगायत आवत जावत बढी हुने स्थानहरुमा यात्रु प्रतिक्षालय, सार्वजनिक शौचालय, पार्किङ स्थलहरुको निर्माण कार्य अगाडी बढाइने छ ।

७) सडकहरुको कित्ताकाट, नक्साङ्कन, सडक संजाल योजना अनुसार क्षेत्राधिकार रेखाङ्कन तथा सिमाङ्कन गरिने छ ।

८) नगरपालिका भित्रको रणनैतिक महत्वका तथा धेरै जनसमुदाय लाभान्वित हुने मुख्य-मुख्य सडकलाई बाह्रै महिना चल्ने सडकको रुपमा व्यवस्थित गरिने छ ।

९) सडक निर्माण गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै भई रहेको सडकलाई मापदण्ड स्वीकृत गरी स्वीकृत मापदण्डका आधारमा स्तरोन्नतीमा जोड दिईने छ । नयाँ ट्र्याक खोल्न सडक संजाल योजनाले अनुमति दिए मात्र नयाँ ट्र्याक खोल्न सकिने छ ।

१०) हाल संचालनमा रहेका सडकहरुलाई आवश्यकता अनुसार ग्रेड, घुम्ती सुधार योजना लागु गरिने छ । साथै ट्याक खुलेका तर प्राविधिक दृष्टीकोणबाट सुधार गर्न असम्भव वा अनुपयुक्त देखिएमा त्यस्तो सडकमा थप लगानी गर्न निषेध गरिने छ ।

११) कृषि उत्पादनको पकेट क्षेत्र र पर्यटकीय प्रवर्द्धनलाई अति आवश्यक सडकहरु निर्माण गर्दा प्राविधिक प्रतिवेदन कार्यपालिकामा प्रस्तुत भई अनुमति प्राप्त भए पश्चात् खोल्न सकिने छ ।

१२)नरपालिका क्षेत्र भित्र संचालन हुने यात्रुबाहक सवारी नियमित, व्यवस्थित गरिनुका साथै यात्रु भाडा दर दुरीको आधारमा सरोकारवालाहरुको सहयोगमा समाधान गरिने नीति लिईने छ ।

१३) प्रत्येक वडाको एउटा प्रमुख सडक पहिचान गरी स्तरोन्नती गरिनेछ ।

१४) सडक संजाललाई नियमित गर्न लेन्थ वर्करको व्यवस्था गरिनेछ ।

१५) नगरपालिकाको केन्द्र वामीटक्सार बजार क्षेत्रका सडकहरु तथा अन्य प्रमुख सडकहरुलाई कालो पत्रे गरिनेछ ।

## ख) खानेपानी तथा सरसफाई

१) नगरपालिकाका प्रत्येक घरधुरीमा जनसहभागिता मुलक योजनाको रुपमा एक घर एक धारा अवधारणामा रही योजनाहरु क्रमगत रुपमा निर्माण गर्ने नीति अवलम्बन गर्दै सालबसालि योजनाहरुलाई निरुसाहित गरिने छ ।

२) नगपालिका भित्रका जलाधार क्षेत्र, पानीका मुहानहरु संरक्षण र सुरक्षाका लागि विशेष योजना लागु गरिने छ । सडक लगायतका भौतिक पूर्वाधार निर्माण गर्दा मुलहरु संरक्षण तर्फ विशेष ध्यान दिने नीति लिईने छ ।

३) खानेपानी तथा सरसफाई कार्यक्रमलाई नगरपालिकाको उच्च प्राथमिकताको राख्दै सवै खानेपानी तथा सरसफाई योजनाहरुलाई दिगो खानेपानी सञ्चालन कार्यविधि अनुसार संचालन गर्ने नीति लिईनेछ ।

४) खानेपानी योजनाहरुमा पानी सुरक्षा योजना लागु गराउनुका साथै मर्मत सम्भार नीति तयार गर्ने र सोको अनुगमन सम्बन्धित वडा कार्यालयबाट गर्ने, गराउने व्यवस्था मिलाईने छ ।

५) पुर्ण सरसफाई गतिविधीलाई कार्यन्वयन गर्न टोल स्तरीय, वडा स्तरीय र नगरस्तरीय रणनैतिक योजना बनाई अभियानको रुपमा कार्यन्वय गरिने छ । पूर्ण सरसफाई टोल र वडा घोषणा गरिनेछ ।

६) टोल विकास संस्था मार्फत सरसफाई अभियानलाई थप प्रभावकारी र व्यवहारिक बनाईने छ ।

७) फोहर जसले गर्छ उसले मुल्य तिनुपर्दछ भन्ने नीतिलाई अवलम्बन गर्दै नगर क्षेत्रमा हुने फोहरमैलाई उचित व्यवस्थापन गरिनेछ ।

८) फोहोर मैला नै उत्पादन नगर्ने, न्यून गर्ने, त्यसलाई पुनः प्रयोग कार्यलाई व्यवहारमा अवलम्बन गर्न सरोकारवालाहरुको सहयोग र सहभागिता सिपमुलक, सचेतनामुलक कार्यक्रम संचालन गर्ने गराउने निति लिइनेछ ।

९) फोहोरमैला उत्सर्जन गर्न उत्सर्जन स्थलमा नै कुहिने र नकुहिने फोहर छुट्याउने र कुहिने फोहोरमैला मल बनाई करेसाबारी प्रयोग गर्ने गराउने र बजार क्षेत्रमा फोहोरको राम्रो व्यवस्थापन गर्ने व्यक्तिलाई पुरस्कृत गर्ने कार्य गरिनेछ ।

१०) पूर्ण सरसफाई टोल र वडाहरुलाई प्रोत्साहन गर्न पुरस्कारको व्यवस्था गरिनेछ ।

## ग) भवन तथा भौतिक निर्माण

१) नगरपालिकाका वडा नं. १, २, ३ र ४ समेट्ने एउटा र वडा नं. ५, ६, ७, ८, ९ समेट्ने एउटा गरी निर्माण हुने दुई वटा चक्र पथ, मुसिकोट दरबार, मालिका, शालिमे दह, ढोडेनी सहिद पार्क, ग्वादीका चौर खेल मैदान, स्मालीथान पार्क, थुम पिकनिक स्थल, भुकुवा चौरको

प्राविधिक शिक्षालय, स्वाँरा होमस्टे, आँपचौर नमूना बस्तीलाई मुसिकोट गौरबका योजनाका रुपमा अगाडी बढाईनेछ ।

२) नगरपालिकाको भवन निर्माणका लागि पर्याप्त जग्गा उपलब्ध भईसकेकोले भवन निर्माण कार्य अगाडी बढाईने छ ।

३) सभाहलको भवन निर्माण गरिने छ ।

४) वडा समितिबाट कम्तिमा ५ रोपनी जग्गा उपलब्ध गराएको खण्डमा वडा कार्यालयका भवनहरु निर्माण कार्य अगाडी बढाईने छ ।

५) नगरपालिकाको केन्द्रमा रहेको वामीटक्सार स्वास्थ्य चौकीको स्तरउन्नती गरी १५ शैंयाको अस्पताल स्वीकृत भईसकेकोले उक्त अस्पतालको भवन निर्माण कार्य अगाडी बढाईने छ ।

६) वडाहरुमा स्वास्थ्य चौकीका भवन निर्माण अगाडी बढाईने छ ।

७) सबै विद्यालयहरुमा सुविधा सम्पन्न भवनहरुको निर्माण प्रकृया तिव्रताका साथ अगाडी बढाईने छ ।

८) सहकारी, सामुदायिक भवन र महिला भवन ५० प्रतिशत जनसहभागितामा आधारित भई निर्माण कार्य अगाडी बढाईने छ ।

९) जनसहभागितामा आधारित भई गोरेटो बाटोहरु निर्माण कार्य अगाडी बढाईनेछ ।

१०) बस पार्क, वामीटक्सार पार्क, जेष्ठ नागरिक विश्राम तथा मनोरञ्जन पार्क, उद्योग ग्राम, फोहोर प्रशोधन केन्द्र, प्रत्येक वडामा (बगैचा, पोखरी, प्रतिक्षालय, पैदल मार्ग भएको) कम्तिमा एउटा स्मार्ट मनोरञ्जन पार्क निर्माण गरिनेछ ।

११) व्यवस्थित, सुविधायुक्त नमूना एकीकृत बस्तीहरु निर्माण गरिनेछ । सोका लागि नागरिकहरुलाई प्रोत्साहन गर्दै प्रस्तावका आधारमा **"पूर्वाधार विकास अनुदान"** उपलब्ध गराईनेछ ।

**घ) सिंचाई**

१) नगरपालिका भरि ५० प्रतिशत जनसहभागिता जुटाई सिंचाई गर्नका लागि कुलोहरु निर्माण, मर्मत तथा व्यवस्थापन गर्ने काम तिव्रताका साथ अगाडी बढाईने छ ।

२) सिंचाईका लागि प्रयोग हुने जलाधार क्षेत्र, मुहान, खोल्सीहरुमा पानी रिजर्वका लागि अपनाईने संरक्षण पद्धती लागु गराईने छ ।

३) छोटो दुरीमा हुन सक्ने अवस्थामा लिफ्ट सिंचाई गराई सिंचित क्षेत्र विस्तार गरिने छ ।

४) लिफ्ट सिंचाईमा प्रयोग हुने मोटर र पाईप र वाईरिङ्गको ५० प्रतिशत अनुदान दिने नीति लिईनेछ ।

**ङ) विद्युत् तथा उर्जा**

१) नगरपालिकाको सबै बस्तीमा राष्ट्रिय प्रशारण लाईनको विस्तार गरिने छ ।

२) नगरपालिका भित्र रहेका सम्पूर्ण साना तथा लघु जलविद्युत आयोजनाहरुलाई एकीकृत गर्दै ग्रीडिङ, विद्युत प्राधिकरण सँग समन्वय गरी विक्रीको सुनिश्चित गर्ने काम अगाडी बढाईने छ ।

३) नगरपालिका भित्र हुन सक्ने जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गरिने छ ।

४) सडक बत्ती विस्तारलाई प्राथमिकता दिईने छ ।

५) बैकल्पिक उर्जा, स्थानीय उर्जा उत्पादनलाई अध्ययन गरी आवश्यक काम गरिने छ ।

६) यस मुसिकोट नगरपालिकाको सबै बस्तीमा केन्द्रिय प्रसारण लाइनको विद्युत प्रसारणमा पहल गरिनेछ । विद्युत प्रासारणलाई औद्योगिक र घरायसी हिसाबले विभाजन गरी प्रसारण गर्नको लागि पहल गरिनेछ ।

७) नगरपालिकाभित्र रहेको सम्पूर्ण साना तथा लघु जलविद्युत आयोजनाहरुलाई एकीकृत परिचालनको निति अबलम्बन गरिनेछ ।

**च) पुल निर्माण :-** आवस्यक स्थानमा पक्की पुल, झोलुङ्गे तथा आकाशे पुलहरु निर्माण गरिनेछ ।

## २) आर्थिक विकास

१) भु-उपयोग नीति अवलम्बन गरी कृषि क्षेत्र, बन क्षेत्र, आवासिय क्षेत्र, व्यवासायिक क्षेत्र, औद्योगिक क्षेत्र, सांस्कृतिक तथा पर्यटकीय क्षेत्र, सार्वजनिक तथा खुल्ला क्षेत्र, निर्माण समाग्री उत्खन्न क्षेत्र, खानी तथा खनिज क्षेत्र आदि पहिचान गरी संरक्षण, उपयोग र व्यवस्थापन गरिनेछ ।

२) नगरपालिका भित्र भूमि बैङ्क स्थापना गरिनेछ । कृषि, उद्योग गर्न चाहाने व्यवसायिलाई उक्त भूमि बैङ्कमा प्राप्त जग्गा सुलभ तरिकाले उपलब्ध गराउने नीति लिईनेछ ।

३) कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ ।

४) हाट बजार निर्माण गरिनेछ ।

५) कृषकले उत्पादन गरेको कृषि उपज विक्री सुनिश्चित गर्ने गरी योजना संचालन गरिनेछ ।

६) कृषिलाई व्यवसायिक, आधुनिकिरण, यान्त्रीकरण गर्दै, साना उद्योग, घरेलु उद्योगलाई संरक्षण गर्दै रोजगारी सिर्जना तथा नागरिकको आय बृद्धि गरिनेछ ।

७) महिला दलित, अपाङ्ग, पिछडिएका वर्ग, समुदायलाई प्रोप्साहन गर्दै विकासको मुल प्रावहमा समाबेश गरिनेछ ।

८) महिला उद्यमी समूह, कृषि समूह, सहकारी, व्यक्तिगत फर्महरुलाई परिचालित, प्रशिक्षण गर्दै, अनुदान दिने निति दिईनेछ ।

९) कृषि, स्थानीय कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग, पर्यटन प्रवर्द्धन सँग जोडिएको व्यवसाय, हस्तकला उद्योगलाई लगानीको अभाव हुन नदिन व्यवसाय ऋणको व्याजमा ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाईने छ ।

१०) कृषि, यन्त्र, उपकरण, हाते ट्याक्टर, चापकटर, दुध दुहुने मेसिन, घाँस काट्ने मेसिन, मकै छोड्याउने मेसिन, पिस्ने कुट्ने मेसिन, खाल्डो खन्ने उपकरण जस्ता सबै यन्त्र, उपकरण, मेसिनमा कृषकलाई ५० प्रतिशत अनुदान दिई यान्त्रीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११) बेमौसमी तरकारी खेती उत्पादनका लागि टनेल प्लाष्टिकमा ९० प्रतिशत अनुदान दिईने नीतिलाई निरन्तरता दिइएको छ ।

१२) प्लाष्टिक पोखरी निर्माणका लागि प्लाष्टिकमा दिईने ८० प्रतिशत अनुदानलाई निरन्तरता दिईएको छ ।

१३) उद्यमी महिला समूहलाई विउ पुँजी र प्रस्तावमा आधारित अनुदान रकम उपलब्ध गराउने कामलाई निरन्तरता दिइनेछ ।

१४) कृषिमा आधुनिकरण, व्यवसायिकीकरण गर्न प्रस्तावमा आधारित अनुदान रकम उपलब्ध गराईने छ ।

१५) कफिलाई नगरपालिकाको मुख्य बालिको रुपमा विकास गर्ने निति लिएको छ । कफिको जननी मुसिकोट नगरपालिकालाई राष्ट्रिय पहिचान दिन **कफि लागाऔँ आम्दानी बढाऔँ** कार्यक्रम संचालन गर्दै कफि बगैचाहरु निर्माण गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

१६) नगरप्रमुख दायित्व ग्रामिण उद्यम द्रुतिकरण कार्यक्रम संचालनमा ल्याइनेछ ।

१७) कृषि पुस्तकालय, कृषि ज्ञान तथा सूचना केन्द्र स्थापना गरिनेछ ।

१८) माछा संरक्षण अनुसन्धान, उत्पादन क्षेत्र पहिचान, भुरा उत्पादन तथा नर्सरी स्थापना गरिनेछ ।

१९)करेसाबारी निर्माण अभियान संचालन गरी घरघरमा करेसाबारी बनाई पोषण तथा बचतमा नागरिकलाई समाबेश गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२०) अगुवा कृषक तथा व्यावसायिक कृषक परिचय पत्र प्रदान गरिनेछ, साथै अगुवा तथा व्यावसायी कृषकलाई सम्मान गरिनेछ ।

२१) पशु स्वास्थ्य शिविर संचालन गरिनेछ, पशु बिमा, कृत्रिम गर्भधान जस्ता कार्यलाई निरन्तरता दिईनेछ ।

२२) विशेष कृषि तालिम संचालन गरिनुका साथै ईच्छुक कृषकलाई तालिमका लागि विभिन्न क्षेत्रमा पठाईनेछ ।

२३) ईलेक्ट्रिसियन, वायरिङ्ग, डकर्मी, सिकर्मी, टायल, मार्वल, पलम्बर, पेन्टर आदी तालिम संचालन गरिनेछ ।

३३) भकारो सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३५) दलित, अपाङ्ग युवा लक्षित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

३६) फलफुल बगौचा निर्माणमा दिइने अनुदानलाई निरन्तरता दिईनेछ ।

३७) बाखा पालनका लागि टेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३८) मौरी पालनमा दिईने ५० प्रतिशत अनुदानलाई निरन्तरता दिईनेछ ।

३९) साना सिंचाई योजनालाई अगाडी बढाईनेछ ।

४०) माटो परिक्षण गर्ने कार्य नमूनाको रुपमा गरिनेछ ।

४१) विउ विजन, घाँस तथा फलफुलका विरुवा अनुदानमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईने छ ।

४२) नागरिकको आय बृद्धि गरी गरिबी निवारण गर्ने उद्देश्यमा निरन्तर पर्याप्त बजेटको व्यवस्था मिलाईनेछ ।

४३) लघु उद्योगको विकास प्रवर्द्धन तथा व्यवस्थापनको लागि ५ वर्षे गुरुयोजना अनुसार नगरपालिकाको उद्योग विकास गर्ने नीति लिईनेछ ।

४४) औद्योगिक क्षेत्र पहिचान गरि उद्योगहरुलाई एकीकृत गर्दै सेवा सुविधा प्रदान गरिने छ ।

४५) सहकारी शिक्षा तथा प्रवर्द्धनका लागि प्रवर्द्धन गर्ने कार्य गरिनेछ ।

४६) सहकारीहरुलाई एक आपसमा मर्ज गराई पुँजी निर्माण तथा ठुला उत्पादनमा लाग्न प्रोत्साहित गरिनेछ ।

## ३) सामाजिक विकास

### (क) शिक्षा

१. **"मानव क्षमताको आधारः शिक्षा"** पूर्वाधार भन्ने शिक्षाको राष्ट्रिय नीतिअनुरुप मुसिकोट नगरपालिकाको शैक्षिक व्यवस्थापनलाई व्यवस्थित गरिनेछ ।

२. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गरिने अभियानलाई निरन्तरता दिइनेछ ।

३. विद्यालयलाई सूचना प्राविधि मैत्री बनाउन १-८ आधारभूत र मा.वि.हरुमा इन्टरनेट, सफ्टवेयर, फोटोकपी मेसिन, इस्क्यानर, डेक्सटप र तालिम प्रदान गरिनेछ ।

४. विद्युतिय हाजिरीको कार्यन्वयन पक्षलाई मजबुत बनाउन तालिम अभिमुखिकरण, प्राविधि त्रुटि न्यूनिकरण गर्दै नगरपालिकासँग नेटवर्किङ् गरि सोही आधारमा शिक्षकको तलबलाई निकासा गरिनेछ ।

५. विद्यालय शिक्षाको पँहुच सुनिश्चितता गरिनेछ । विद्यालय शिक्षाको संस्थागत सक्षमता अभिबृद्धि गर्दै विद्यालय सुशासनलाई प्रमुख प्राथमिकतामा राखिनेछ । **"एक विद्यालय एक फुलबारी, एक मा.वि. एक करेसाबारी"** कार्यक्रम मार्फत विद्यालयहरुलाई क्रमशः पूर्ण सरसफाईयुक्त बालमैत्री र सिपमैत्री बनाइनेछ । यसै आर्थिक वर्ष देखि हरेक विद्यालयमा महिनावारी स्वच्छता कार्यक्रम सञ्चालन गरिनेछ र त्यसको लागी विद्यालयमा निःशुल्क सेनेटरी प्याडको व्यवस्था गरिनेछ ।

६. **"एक युवा एक प्राविधिक सिप"** प्राप्त हुने गरी प्राविधिक शिक्षालयका कार्यक्रम तर्जुमा गरिनेछ ।

७. विद्यालयहरुको रङ्गरोगनमा एकरुपता ल्याईनेछ ।

८. नगरपालिकाको एक मात्र रुद्रावती बहुमुखी क्याम्पसको पूर्वाधार निर्माण, खानेपानी तथा शौचालय व्यवस्थापन र सरसफाईलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

९. नगरपालिकाको वडा नं. ५ को भुकुवा चौरमा बहुउद्देश्यीय प्राविधिक शिक्षालय स्थापना गरिनेछ ।

१०. प्राविधिक शिक्षा संचालन गर्ने विद्यालयलाई विशेष आर्थिक अनुदान उपलब्ध गराउनुको साथै पूर्वाधार विकास गरिनेछ ।

११. पूर्वाधार सम्पन्न भएका विद्यालयलाई प्राविधिक धारमा कक्षा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । प्रत्येक वडामा कम्तीमा एक वटा नमुनात्तोर विद्यालयको अबधारणा अगाडी बढाइनेछ।

१२. सामुदायिक सिकाई केन्द्रलाई सक्रिय बनाइनेछ । यी केन्द्र मार्फत प्रौढ साक्षरता र निरन्तर सिकाइलाई व्यवस्थित गरिनेछ ।

### (ख) स्वास्थ्य

१) नेपाल संघिय संरचनामा प्रवेश गरीसकेको अवस्थामा स्वास्थ्य सेवालाई गुणस्तरीय तथा सवैको पहुचमा पुर्याउनु स्थानीय सरकारको मुख्य दायित्व हो । तसर्थ मुसिकोट नगरपालिकाले नगर भित्र गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकहरुको पहुँचमा पुर्याउने निती लिईने छ ।

२) नगरपालिकाले यस क्षेत्रका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अपाङ्ग सबैलाई आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गराई सवै लिङ्ग, क्षेत्र, आर्थिक रुपले विपन्न,शारीरिक अशक्तलाई स्वास्थ्य सेवामा प्राथामिकता दिइने छ ।

३) गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गरी पूर्वाधार विकासमा जोड दिदै स्वास्थ्य सेवा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यलाई वढवा दिईने छ ।

४) सर्ने तथा नसर्ने रोगहरुवाट बच्न र बचाउन जनस्वास्थ्य अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिने छ ।

५) नगरपालिका भित्रका स्वास्थ्य संस्थालाई भौतिक पूर्वाधारले पूर्ण बनाउदै आधुनिक स्वास्थ्य सेवा तथा प्रविधिहरुलाई नगरपालिका भित्र भित्र्याइने छ ।

६) नगरपालिका क्षेत्र भित्र महामारी रोग नियन्त्रणको लागि ऱ्यापिड रेस्पोन्स् टिम (च्बउष्म च्भकउयलकभ त्भकः० गठन तथा परिचालन गरिने छ ।

७) नगर स्तरीय १५ शैयाको अस्पतालमा सेवा संचालन तथा भौतिक पूर्वाधार निर्माण कार्यलाई अगाडि बढाइने छ ।

८) जिरो होम डेलिभेरी (Zero Home Delivery) लाई पूर्णता दिन यस नगर पालिका भित्रका संम्पूर्ण प्रशुति हुने महिलाहरुलाई वर्थिङ्ग सेन्टरहरु सम्म आउन र जान निःशूल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ ।

९) मुसिकोट नगरपालिका वडा नं. १ पौदिअमराई स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर स्थापना गरी सेवा संचालनमा ल्याइने छ ।

१०) नगरपालिका भित्र आधारभूत स्वास्थ्य सेवा तथा पूर्ण सरसफाई कार्यक्रमलाई जनताको घर दैलोमा पुर्याउनका लागि प्रत्येक वडामा १/१ जना स्वयम् सेवक नियूक्ति गरी सेवा संचालनमा ल्याइने छ ।

११) स्वास्थ्य सूचना प्रणाली तथा आपूर्ति व्यवस्थालाई व्यवस्थित गराउन इन्टरनेट (Internet) सेवाको सुरुवात गरि इ-रेकडिङ्ग तथा रिपोटिङ्ग (e-Recording and Reporting) कार्यलाई व्यवस्थित गराउने नीती लिइएको छ ।

१२) स्वास्थ्य सेवालाई जनताको पहुँचमा पुर्याउन विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिने छ ।

१३) समुदायमा आधारभूत स्वास्थ्य सेवालाई सुदृढ गर्नको लागि महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन तथा स्वास्थ्य आमा समुहलाई पुनर्जागरण कार्यक्रमलाई निरन्तरता प्रदान गरिएको छ ।

१४) ८४ वर्ष पुगेका जेष्ठ नागरिकहरुलाई घरैमा स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

**(ग) न्याय :**

१. न्याय सम्पादन तथा मेलमिलापलाई उच्च प्राथमिकतामा राखी इजलास तथा छलफल कक्षको व्यवस्थापन गरिनेछ ।

२. प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरिनेछ ।

३. सर्वसाधारणलाई नविनतम कानुनी अवधारणा प्रदान गर्नको लागि प्रत्येक वडामा कानुनी सारक्षता कार्यक्रम संचालन गरिनेछ ।

४. मेलमिलापकर्ता तालिमलाई निरन्तरता दिइनेछ ।

५. न्यायलाई छिटो छरितो गराउन थप कार्यक्रम ल्याइनेछ ।

**(घ) कला, साहित्य र संस्कृती :**

१. पुराना कला साहित्य र संस्कृतीलाई संरक्षण र सम्बर्द्धन गर्न बिशेष सांस्कृतिक महोत्सव तथा मेलाहरुको आयोजना तथा प्रवर्द्धन कार्यलाई निरन्तरता दिइनेछ ।

२. ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतीक, भेषभुषा, उत्पादनमा प्रयोग हुने समाग्रीहरु आदि झल्किने गरी विस्तृत बस्तुचित्र सहितको नगरस्तरीय संग्रलाय स्थापना गरिनेछ ।

३. विभिन्न जात जातिहरु सँग सम्बन्धित रितिरिवाज तथा परम्परा बमोजिमका लोक गित, झ्याउरे गित, भजन, घाटु, संराय, भैलो, नौमति बाजा, कौरा, सोरठी, घ्याम्पे नाँच, लाखे, जात्रा आदिको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

**(ङ) जेष्ठ नागरिक :**

१) ज्येष्ठ नागरिकसँग भएको ज्ञान तथा अनुभवलाई पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

२) ज्येष्ठ नागरिकहरुको स्वास्थ्य जटिलतालाई ध्यानमा राखी क्रमशः स्वास्थ्य विमा र स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिनेछ तथा ८४ वर्ष पुरा भएका जेष्ठ नागरिकहरुलाई घरमै गई आधारभूत स्वास्थ्य उपचार उपलब्ध गराइनेछ ।

३) समाजमा जेष्ठ नागरिकहरुलाई सम्मानपूर्वक जिउने बातावरण सिर्जना गरिनेछ ।

४) जेष्ठ नागरिक विश्राम, मनोरञ्जन तथा योगाभ्यास पार्क निर्माण गरिनेछ ।

**(च) दलित समुदाय :**

१. दलित समुदायमा रहेको परम्परागत व्यवसाय तथा सिपलाई समयानुकुल आधुनिकीकरण यान्त्रीकरण र व्यवसायमुखि वनाउन क्षमता अभिवृद्धी, शिक्षा, तालिम र अन्य सहयोग उपलव्ध गराईने छ ।

२) समाजमा कला कौशलको धनी दलित समुदायको परम्परागत सिपलाई आधुनिकिकरण गर्दै उद्योगको रुपमा विकास गरिने नीति अवलम्बन गरिनेछ ।

३) जातिय भेदभाव तथा छुवाछुत कसुर समाज ऐन २०६८ को प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

४) माध्यमिक शिक्षा अध्ययन गरिरहेका अति विपन्न दलित वर्गका छात्र छात्रालाई निःशुल्क शिक्षा प्रदान गर्ने नीति लिइनेछ ।

५) मुसिकोट नगरपालिका वडाहरुमा दलित नमुना बस्ती विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

**(छ) बालबालिका :**

१) बालश्रम शोषण, बालविबाह बालहिंसा एवं बाल दुव्यवहार न्युनिकरण गर्न यस सम्बन्धी कानुनहरुलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न पहल गरिनेछ ।

२) गैरसरकारी संस्थाहरुको समेत सहकार्यमा बालमैत्री टोल, वडा हुदै बालमैत्री नगर स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

३) आपतकालिन बाल उद्धार कोष संचालन गरिनेछ ।

४) विद्यालय, नगर तथा वडामा बालक्लब गठन गरी चेतना अभिबृद्धिमुलक कार्यक्रम संचालनमा ल्याइनेछ ।

५) टुहुरा, अनाथ, एवं संरक्षण विहिन बालबालिकालाई बैकल्पिक संरक्षणका लागि उचित व्यवस्थापनका लागि पहल गरिनेछ ।

६) उमेर पुगेको शिक्षाबाट वञ्चित एव. पँहुच पुग्न नसकेको सम्पूर्ण बालबालिकाहरुलाई शिक्षाको मुल धारमा ल्याइनेछ ।

७) बालबालिकाहरुसँग सम्बन्धित विषयको नीति कार्यक्रम बनाउदा बालबालिकाहरुको संस्थागत सहभागिता गर्ने गराउने निति अवलम्बन गरिनेछ ।

८) बालबालिकामा पर्न सक्ने मनोसामाजिक प्रभावलाई कम गर्न सामुदायिक विद्यालयका बालमैत्रि कक्षा शिक्षक र बालविकास केन्द्रको सहयोगी शिक्षिकालाई सामाजिक मनोचिकित्सा सम्बन्धि प्रशिक्षण संचालन गरिने निति लिइनेछ ।

**(ज) महिला :**

१) नगरपालिकाको टोल, वडास्तरमा महिला समूह, समिति र सहकारी संस्था स्थापना गरी महिलाहरुको सशक्तिकरण तथा आयआर्जनमा बृद्धि गरिनेछ ।

२) लैंगिक हिँसा, घरेलु हिंसा सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गरी हिंसा विरुद्धको कानुनलाई कडाइका साथ कार्यान्वयनमा जोड दिइनेछ ।

३) महिलाको क्षमता अभिवृद्धिका लागि सिपमुलक, चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

४) हिंसामा परेका महिलाहरुलाई आपतकालिन उद्धारका लागि सेफ हाउस व्यवस्थापन गर्न आवश्यक सहयोग गरिनेछ ।

५) महिलाहरुमा हुने वा हुन सक्ने स्वास्थ्य समस्याको जटिलताका आधारमा क्रमशः स्वास्थ्य शिविर संचालन गरिनेछ ।

६) महिला स्वास्थ्य स्वंयमसेविकाहरुको क्षमता विकास गर्ने निति लिइनेछ ।

७) महिलाहरुलाई स्वरोजगार र आत्मनिर्भर बनाउनका लागि महिलाहरुको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा छुट दिने व्यवस्था आवलम्बन गरिनेछ ।

८) एकल महिलाहरुको लागि जिवीकोपार्जन गर्न आवश्यक पहल गरिनेछ ।

९) लैङ्गिक विभेद हटाउने संकल्पका साथ महिला नेतृत्वविकास, क्षमता अभिवृद्धि, आयआर्जन र महिला स्वास्थ्य तथा शिक्षाको लागि कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०) नगरपालिकामा गठनहुने सबै उपभोक्ता समितिमा महिला सहभागिता ५० प्रतिशत हुने कुरालाइ सुनिश्चित गरिने छ ।

**(झ) जनजाति :**

१) आदिवासी जनजातिहरुको भाषा संस्कृती र भेषभुषा सम्बन्धि सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।

२) आदिवासी जनजातिसँग सम्बन्धित पुरातात्विक बस्तु संग्रहालयलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

३) आदिवासी जनजातिहरुको नमुना बस्ती विकास, भाषालिपी, भेषभुषा संरक्षण गर्नको लागि अध्ययन गरिनेछ ।

**(ञ) अशक्त/अपाङ्गता :**

१) यस नगरपालिका भित्र हरेक भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्गता मैत्री बनाउने नीति लिइनेछ ।

२) नगरपालिका भित्रका फरक क्षमता भएका व्यक्तिहरुको क्षमता विकासका लागि कार्यक्रम बनाई लागु गरिनेछ ।

३) अपाङ्गता भएका व्यक्तिहरुको सहज जीवनयापनका लाीग आवश्यकताका आधारमा सिपमुलक तालिम तथा सशक्तिकरण गर्ने नीति लिनइनेछ ।

४) अपाङ्गले संचालन गर्ने व्यवसायलाई अनुदान दिने सुलभ ऋणको लागि सिफारिस गरिनेछ ।

**(ट) विविध :**

१.नगरपालिका भित्रका व्यक्तिहरुको समुद्रपार प्रवासमा दुर्घटनाबाट मृत्यु भएकोमा आश्रित राहत उपलब्ध गराउने गरी व्यवस्था मिलाइनेछ ।

२) प्रविधि मैत्री नगरस्तरीय तथा वडास्तरीय पुस्तकालय संचालन गरिनेछ ।

३) सार्वजनिक जग्गा, सम्पत्तीको संरक्षणका लागि उचित कदम चालिने छ ।

४) सार्वजनिक निर्माणका लागि **"जनता सँग जनप्रतिनिधि"** कार्यक्रम संचालन गरिनेछ । अन्यत्र गई श्रम गर्ने तर आफ्नो गाउँ ठाउँमा श्रमको सम्मान नगर्ने प्रबृतिले बसाई सराईलाई प्रोत्साहन गरकोले ५० जना जनप्रतिनिधि प्रत्येकले आफ्नो नेतृत्वमा सार्वजनिक क्षेत्रमा निर्माणको प्रस्ताव स्वीकृत गराई प्रत्यक्ष श्रम क्षेत्रमा खट्ने व्यवस्था मिलाइने छ ।

५) यसै आर्थिक वर्षमा खरका छानामुक्त नगरपालिका घोषणा गरिनेछ ।

६) नगरपालिकाको प्रोफाइल र श्रव्य दृश्य सामाग्री तयार गरिनेछ ।

## ४. पर्यटन विकास :

१) नगरपालिका भित्र रहेका सबै पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण तथा निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

२) पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्नको लागि पर्यटन सँग सम्बन्धित सूचना, संचार तथा प्रचारप्रसार गरिनेछ ।

३) मुसिकोट दरबार, सालिमे दह, मालिका मन्दिर, छत्रभूमी, शहिद पार्क, शिद्धेश्वर गुफा, थुम पार्क, स्मालीथान पार्क, हिले, मठमन्दिर, वडा स्तरीय स्मार्ट मनोरञ्जन पार्क, जेष्ठ नागरिक पार्क,

कृषि पकेट क्षेत्र, होमस्टे आदिको निर्माण र संरक्षण गर्दै पर्यटकीय सर्किट निर्माण गर्दै अगाडी बढिनेछ ।

४) ऱ्याप्टिङ्ग, फिसिङ्ग, रिसोर्ट, होमस्टे, संग्राहलय, पैदलमार्ग, मनोरञ्जन पार्क, खेलकुद, कला संस्कृतीलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

५) पर्यटन मार्फत रोजगारी सिर्जना गरिनेछ ।

**५. सूचना तथा संचार तर्फ :**

१. नगरपालिकाबाट गरिने सम्पूर्ण क्रियाकलापहरु जस्तै जनहितका लागि सन्देश, प्रगती विवरण, बुलेटिन, नीति तथा कार्यक्रम, नगर कार्यपालिका, नगर सभाबाट गरिने निर्णय, नगरपालिकाद्वारा प्रशारित कार्यक्रमहरु, स्थानीय सामुदायिक रेडियो तथा सञ्चारकर्मीहरु सँग समन्वय गर्दै सूचना प्रवाह छिटो छरितो पारदर्शिरुपमा गरिनेछ ।

२. नगरकार्यपालिका तथा नगरपालिकाका अति संवेदनशिल क्षेत्रहरुमा स्थानीय प्रशासन सँग समन्वय गरी सुरक्षाको लागि अअ अकभचब जडान गरिनेछ ।

३. मुसिकोट नगरपलिकाको Mobile Application, Digital notice board / Audio Notice board सुचारु गरिनेछ ।

४. नगरपालिका डकुमेन्टहरुलाई सुरक्षित रुपमा अनलाईनमा भण्डारण गर्न Government Cloud Server सुचारु गरिनेछ ।

५. स्थानीय स्तरमा संचालित सूचना तथा संचारका माध्यम रेडियो, पत्रिका, अनलाईन पत्रिकालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**६. उद्योग, रोजगारी, युवा तथा खेलकुद तर्फ :**

१. नगरपालिका क्षेत्रका विकास तथा समृद्धिको लागि उद्योग तथा रोजगारी मुख्य मेरुदण्ड भएको कुरालाई आत्मसात गर्दै दक्ष जनशक्तिको निर्माण र रोजगारीको सिर्जन गर्ने कुरालाई नगरपालिकाकाले मुख्य आधारको रुपमा लिनेछ ।

२. श्रमको सम्मान नै समृद्धिको आधार हो भन्ने कुरालाई मुसिकोट नगरपालिका क्षेत्र भित्रका युवाहरु माझ स्थापित गरी युवाहरुलाई परिश्रम प्रति सम्मान गर्ने नीति लिइनेछ ।

३. आर्थिक हिसाबले सक्रिय जनसंख्यालाई उत्पादनमा जोड्नको लागि मुसिकोट नगरपालिकाका प्रत्येक वडामा **“एक वडा एक पहिचान”** कार्यक्रम क्रमशः लागु गरिनेछ ।

४. रोजगारी भनेको जागिर मात्र हो भन्ने बुझाईलाई रोजगारी भनेको श्रम हो भन्ने बुझाईले विस्थापित गरिनेछ । श्रम गरे अनुसार पारिश्रमिक प्राप्त गर्ने मानसिकतालाई बढावा दिनको लागि आवश्यक चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५. उत्पादनशिल समयको सदुपयोग हुन नसक्नु समृद्धिको लागि मुख्य दुर्भाग्य हो भन्ने कुरालाई आत्मसात गर्दै कुनै पनि दक्ष व्यक्तिको न्यूनतम ८ घण्टा उच्च परिश्रम गर्ने र गराउने कुराको सुनिश्चित गर्न पहल गरिनेछ । सार्वजनिक स्थानहरुमा समयको दुरुपयोग गर्ने कार्यलाई निरुत्साहन गरिनेछ ।

६. परम्परागत पेशामुखि उद्यमहरुलाई आधुनिकिकरण गर्नको लागि त्यस्ता पेशाहरुमा आधारित व्यवसायिक योजनाहरु तयार गरी उक्त पेशाहरुलाई सम्मानजनक पेशामा रुपान्तरण गर्नको लागि प्रोप्साहित गरिनेछ ।

७. स्थानियस्तरमा प्राप्त हुने श्रोत साधनहरुमा आधारित भएर स्थापना तथा संचालन हुने उद्योगहरु जस्तै, बाँसको मुढा निर्माण, खाद्यन्न प्रशोधन, विउ उत्पादन तथा प्रशोधन, जडिबुटी प्रशोधन, खानेपानी प्रशोधन तथा उत्पादन लगायतका उद्योगहरुको लागि विशेष महत्व दिइनेछ ।

८. विपन्न वर्गका व्यक्तिहरुले संचालन गर्ने उद्योगहरुलाई विशेष महत्वका साथ सहयोग गरिनेछ ।

९. उद्योगहरुको स्थापना र संचालनको लागि वित्तिय पुँजीको लागि बैंङ्क मार्फत आवश्यक ऋणको व्यवस्था गरिनेछ । नगरपालिका भित्र संचालित बैङ्कहरुले आफुले प्रवाह गर्ने कर्जाको निश्चित प्रतिशत रकम औद्योगिक ऋणको रुपमा प्रवाह गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

१०. बैदेशिक रोजगारमा गएका युवाहरुलाई फर्किने बातावरण तयार गर्न कृषि, पर्यटन, उद्योग व्यापार, जडीबुटी खेती, पशुपालन र उर्जा उत्पादनको कार्यमा ठुलो लगानीको बातावरण तयारी गरी स्वदेशमै रोजगारीको सिर्जना गर्ने नीति लागु गरिनेछ ।

## ७. बन बातावरण तथा विपद व्यवस्थापन

१. वातावरण संरक्षणमा कृयाशिल सामाजिक व्यक्तित्व, संस्था वा समुहको श्रम सहयोगमा वृक्षारोपण, वन नर्सरी, पदमार्ग, पोखरी तथा चौतारी निर्माण तथा भु-संरक्षणका लागी विशेष व्यवस्था गरीने छ ।

२. नगरपालिकालाई सफा, स्वच्छ र स्वस्थ बनाई सहरी सौन्दर्यता कायम गर्न फोहोर मैलाको उचित व्यवस्थापनका लीग अध्ययन, अवलोकन तथा अनुसन्धान गरि व्यवस्थीत गरीनेछ ।

३. वन जंगल, जलाधार क्षेत्रको उचित संरक्षण गर्न अतिक्रमण अवैध निकासी पैठारी नियन्त्रणका कार्यक्रम संञ्चालन गरिनेछ ।

४. नगरपालिका भित्र आउन सक्ने संभावित विपदहरु जस्तैः वाढी, पहिरो, आगलागि, चट्याङ्ग, भुकम्प आदिको पूर्व तयारी, उद्धार, राहत र पुर्नस्थापनाको नीति लिईनेछ ।

५. ठूला तथा गौरवका आयोजनाहरु निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्न गरी कूल बजेटको न्यूनतम ५ प्रतिशत रकम बन, वातावरण संरक्षणमा खर्च गरिनेछ ।

६. सार्वजनिक महत्वका पोखरी निर्माण र संरक्षण,नदि-खोला तटबन्ध र भल व्यवस्थापन,बाटीका निर्माण र भू-संरक्षण,चौपारी निर्माण र बृक्षारोपण गर्ने समुदाय,संस्था,समूह(व्यक्ति समेत) लाई आवश्यक निर्माण सामाग्री दक्ष मिस्त्री तथा प्राविधिकको सेवा उपलब्ध गराई वातावण संरक्षण तथा स्वच्छ वातावरण निर्माणमा साझेदारी मार्फत व्यापक सहयोग दिने नीति अवलम्बन गरिनेछ ।

७) जनसहभागितामा आधारित भई चौपारी, पोखरी निर्माण कार्यलाई अगाडी बढाईनेछ ।

८) प्रत्येक वडामा नर्सरी स्थापना गरिनेछ ।

९) मुसिकोट नगरपालिकाको कुल क्षेत्रफलको कम्तिमा पनि ५० प्रतिशत बन क्षेत्र यथावत रुपमा कायम राखीनेछ ।

१०) मुसिकोट नगरपालिका क्षेत्रमा यथासम्भव सामुदायिक वन क्षेत्रभित्र बैज्ञानिक बन व्यवस्थापन पद्धती अपनाई वन पैदावारको मागलाई सम्बोधन गर्नुको साथै बनबाट रोजगारीको सृजना गरिनेछ ।

११)वन अतिक्रमणलाई नियन्त्रण गर्नको लागि संघीय तथा प्रदेश कानुन अन्तर्गत बनेका संस्थागत संरचना तथा नीतिनियमहरुको कडाईका साथ कार्यन्वयन गरिनेछ ।

१२) मुसिकोट नगरपालिका क्षेत्रभित्र पाइने आर्थिक रुपले महत्वपूर्ण जडिबुटिहरुको अध्ययन अनुसन्धान गरी जडिबुटीहरुको संरक्षण र दिगो व्यवस्थापन गरिनेछ ।

१३) प्राकृतिक वा मानविय कुनैपनि कारणबाट हुन सक्ने सम्भाव्य विपदबाट बच्न बचाउन सरोकारवालाहरुको समन्वयमा सचेतना कार्यक्रम संचालन (CBRT\ समुदायमा आधारित सहयोग टोलि) टोलबस्ती स्तरमा निर्माण तथा परिचालन गरिनेछ ।

१४) नगर स्तरीय विपद् व्यवस्थापन सम्बन्धी आकस्मिक राहत कोष खडा गरिने र उद्धार कार्यको लागि राहत सामाग्री र जनशक्ति सम्बन्धि आवश्यक निति तर्जुमा गरिनेछ ।

१५) भु-क्षय तथा बाढी पहिरो नियन्त्रण सम्बन्धि आवश्यक कार्य अगाडी बढाइने छ ।

१६) भुकम्प प्रतिरोधी घर निर्माण गर्ने कार्यलाई प्रोप्साहित गरिनुका साथै नगरपालिका भित्र भवन निर्माण संहितालाई कडाइका साथ लागु गरिनेछ ।

१७) नगरपालिका स्तरीय विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

१८) सम्भाव्य विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र, साधन तथा औजारहरुको उचित व्यवस्थापन गर्ने निति अवलम्बन गरिनेछ ।

१९) विपद व्यवस्थापनलाई घऋ (समन्वय, सहयोग तथा नियन्त्रण) का आधारमा संचालन गरिनेछ ।

२०) प्राकृतिक प्रकोपवाट पिडित परिवारलाई तत्काल आपतकालीन राहत उपलब्ध गराइने छ ।

## **८.संस्थागत विकास सेवा प्रवाह र सुशासन**

१. सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, निष्पक्ष, पारदर्शी, मितव्ययी र प्रतिस्पर्धी बनाई प्रत्येक नागरिकले सुसासनको अनुभुति गर्ने वातावरण सिर्जना गरिने छ ।

२. नगरपालिकाका कर्मचारी, वडाका जनप्रतिनीधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने खालको कार्यक्रमहरु सञ्चालन गरिने छ ।

३. बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउन बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाई लागु गरिनेछ ।

४. नगरपालिकाको कार्यालय र वडा कार्यालयहरुमा नागरिक वडापत्र, सुचना पाटी र उजुरी पेटिकाको व्यवस्था गरिनेछ ।

५. वित्तिय पारदर्शिता उत्तरदायित्व र वित्तिय अनुसाशनका लागि लेखा परिक्षण, सार्वजनीक सुनुवाई, उपभोक्ता/लाभग्राही समुहलाई अनुशिक्षणको व्यवस्था गरिनेछ ।

६. बजेट तथा कार्यक्रमको प्रभावकारी अनुगमन, मूल्याङ्कनको व्यवस्था गरिनछ ।

९. राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राख्नको लागि कार्यसंम्पादनमा आधारीत प्रोत्साहन भत्ता आवास भत्ता, फिल्ड भत्ता, ईन्धन र सञ्चार तथा कार्यालय समयमा खाजाको व्यबस्था गरिनेछ ।

१०.नगरपालिकाको संरचनामा आधारीत नगर सरकारको आवश्यकता अनुसारको संगठनात्मक संरचनाको निर्माण गरिनेछ ।

११. नगरक्षेत्रमा एउटा ईलाका प्रहरी कार्यालय र अन्य आवश्यक क्षेत्रमा प्रहरी चौकीको स्थापना गरिनेछ ।

१२. प्रदेश सरकारले निर्धारण गरेको कानून बमोजिम जनप्रतिनिधिहरुलाई तोकेको सेवा सुविधाहरुको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१४. पन्जीकरण कार्यक्रमलाई सबै वडाहरुमा अनलाईन प्रणाली मार्फत सञ्चालन गरिनेछ ।

१५.उत्कृष्ट कार्यसम्पादन गर्ने विभिन्न विषयगत क्षेत्रका कर्मचारीहरु, शिक्षकहरु, उपभोक्ता समिति/सहकारीहरु, स्वास्थ्य स्वयंसेवीकाहरु र युवा स्वयंसंवकहरुमध्ये सर्बोत्कृष्ट छनोट गरी पुरस्कृत गर्ने पराम्परा थालिनेछ ।

१६.सेवामुखी जनप्रतिनिधि र सेवाग्राही-मैत्री नगर प्रशासन भन्ने निति लिदैं अभिमुखिकरण, तालिम, गोष्ठी र अनुभव आदान प्रदान भ्रमण/अन्तरक्रियाको आयोजना गरिनेछ ।

१७) जनसभागितालाई उत्साह पूर्वक जुटाउन टोलटोलमा निर्माण प्रकृया, सरसफाई, वित्तिय अनुसाशन, बातावरण प्रवर्द्धन, बालबालिका, महिला, जेष्ठ नागरिक अपाङ्ग सुरक्षा, सुशासन, विकास निर्माणका जनताको पँहुच वस्ती विकास आदिलाई मध्यनजर गरी टोल विकास संस्था गठन प्रकृया तिव्रताका साथ अगाडी बढाइनेछ ।

१८) नगरपालिकाको नीति, कानून, मापदण्ड, निर्णय कार्यन्वय, सार्वजनिक सम्पति, नगरको सुरक्षा तथा संरक्षण, विपद व्यवस्थापनका लागि नेपालको संविधानको धारा २२६ को अधिनमा रही नगर प्रहरी संचालन तथा व्यवस्थापन गरिनेछ ।

१९) नगरपालिकालाई तिव्रता साथ सूचना प्रविधियुक्त बनाईनेछ ।

२०) जनप्रतिधि, कर्मचारी, विकास, उत्पानसँग जोडिएका नागरिकहरुलाई सूचना प्रविधि सम्बन्धी प्रशिक्षण तालिम संचालन गरिनेछ ।

२१) नगरपालिकाको आफ्नै मोबाईल एप्स उत्पादन गरिनेछ ।

२२) नगर कार्यपालिकाको कार्यालयमा उपभोक्ता समितिका कामहरु, नागरिकका मागहरु तथा गुनासाहरु, व्यवस्थित गर्न जनताका कामहरुमा आवश्य सहयोग गर्न **"सहयोग कक्ष"** स्थापना गरिनेछ । सहयोग कक्षमा आवश्यक कर्मचारी भोलिन्टीयरको रुपमा नियुक्ति गरिनेछ ।

२३) सूचना प्रविधिमा जनशक्तिको प्रयाप्त व्यवस्था गर्दै डिजिटलाइज्ड नगर प्रोफाइल, डिजिटलाइज्ड हाउस होल्ड सर्भे, घर नम्बर न्क्ष :बउउष्लनरन्ययनभि र्बउउष्लन गर्दै पेपरलेसमा पुर्‍याइन्नेछ ।

२४) वडा कार्यालय, शिक्षा, स्वास्थ्य संस्थामा इ-एटेन्डेन्सलाई थप व्यवस्थित बनाउदै सबै ई-एटेन्डेन्सलाई नगरपालिका सँग सिधै नेटवर्किङ गरिनेछ । सोही आधारमा सेवा, सुविधाको प्रवन्ध मिलाइनेछ ।

२५) जतालाई दिने सेवा छिटो छरितो र योजनाबद्ध ढंगले सम्पन्न गर्नका लागि एउटा **"योजना कार्यान्वयन तथा खरिद परामर्श समिति"** गठन गरिनेछ, जसले गर्दा आगमी आर्थिक वर्षमा जेष्ठ मसान्त भित्र काम सम्पन्न भई आषाढ पहिलो हप्तामा नै भुक्तानी भैसक्ने छ । योजना अनुसार खरिद गर्नुपर्ने सामाग्री, मेसिन, औजार, फर्निचर आदि समयमै थप पारदर्शी ढंगले सम्पन्न हुने छ ।

२६) सार्वजनिक सुनुवाईलाई निरन्तरता दिईने छ ।

*अन्त्यमा,*

उपस्थित सभा सदस्य ज्यूहरु, सम्पूर्ण कर्मचारीहरु, पत्रकार बन्धु लगायत उपस्थित महानुभावहरुमा यो नीति तथा कार्यक्रम कार्यन्वयनमा समन्वय, सहयोग, सक्रिय सहभागिताको अपेक्षा सहित हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

नमस्कार ।॥